apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्ष: १२ ● अंक: १८३ ● पृष्ठ: ४ ● ०४ साउन २०८३ सोमबार (20 July 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## लहान कृषि सामग्री कम्पनीमा रासायनिक मलको पर्याप्त मौज्दात, वितरण प्रणालीप्रति किसान असन्तुष्ट

अपन दैनिक संवाददाता
सिरहा, साउन ०३ गते



कृषि सामग्री कम्पनी लिमिटेड, लहान शाखाले रासायनिक मलको पर्याप्त मौज्दात रहेको जनाएको छ। बजारमा मल अभावको चर्चा भइरहेका बेला कम्पनीले किसानलाई आवश्यक पर्ने मलको अभाव नरहेको र थप आपूर्ति पनि नियमित रूपमा भइरहेको जानकारी दिएको हो।

कार्यालयका अनुसार चालु आर्थिक वर्षमा कम्पनीले १६ हजार ८४० दशमलव ३७५ मेट्रिक टन रासायनिक मल बिक्री गरेको छ। हाल कार्यालयमा ५५ दशमलव ६०० मेट्रिक टन युरिया, २१९ दशमलव ६५० मेट्रिक टन डीएपी, ८६ दशमलव ६५० मेट्रिक टन पोटास तथा ७८ दशमलव ७७५ मेट्रिक टन कृषि चुन मौज्दात रहेको उनले जानकारी दिए।

किसानलाई समयमै मल उपलब्ध गराउने उद्देश्यले आपूर्ति प्रणालीलाई नियमित र व्यवस्थित बनाइएको छ। कृषि उत्पादन वृद्धि गर्न आवश्यक पर्ने मल तथा अन्य कृषि सामग्रीको अभाव हुन नदिने गरी व्यवस्थापन गरिएको कार्यालले जनाएको छ।

यद्यपि, सरकारी तथ्यांकमा पर्याप्त मौज्दात देखिए पनि किसानले भने सहज रूपमा मल प्राप्त गर्न नसकेको गुनासो गरेका छन् । किसानका अनुसार मल वितरणको जिम्मेवारी पाएका कृषि सहकारी संस्थाबाट आवश्यक परिमाणमा मल उपलब्ध हुन नसक्दा उनीहरू निजी व्यवसायीको भर पर्न बाध्य छन्।

स्थानीय किसान तथा सरोकारवालाहरूले सहकारीमार्फत हुने मल वितरण प्रणालीमा प्रभावकारी अनुगमन र पारदर्शिताको अभाव रहेको बताएका छन् । उनीहरूका अनुसार सरकारी अनुदानमा आएको

बाँकी पृष्ठ ३

## मधेश प्रदेशमा युवा वित्तीय जवाफदेहितासम्बन्धी प्रादेशिक संवाद



अपन दैनिक संवाददाता
जनकपुरधाम, साउन ०३ गते

युवा वित्तीय जवाफदेहिता सञ्जालले मधेश प्रदेशमा तीनदिने प्रादेशिक संवाद कार्यक्रम सम्पन्न गरेको छ।

युवा नेतृत्व, निर्वाचित जनप्रतिनिधि, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको कार्यक्रमको मुख्य उद्देश्य राष्ट्रिय वित्तीय सुशासनसँग सम्बन्धित रहेको थियो। यस विषयहरूलाई प्रदेशस्तरमा कसरी कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्दै युवा नेतृत्वको भूमिका सुदृढ बनाउनु र सम्भावित समाधानका उपाय पहिचान गर्नु रहेको आयोजकले जनाएको छ । प्रोजेक्ट अभय अन्तर्गत सञ्चालित उक्त कार्यक्रमले वित्तीय पारदर्शिता र सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । संजाल सातवटै प्रदेशमा विस्तार भइसकेको र प्रत्येक प्रदेशबाट १५ जना गरी नेपालभर १०५ जना सदस्य आबद्ध रहेका छन्।

साउन १ देखि तीन दिनसम्म चलेको संवादमा सहभागीहरूले राष्ट्रिय वित्तीय प्रणालीको आधारभूत अवधारणादेखि मधेश प्रदेशका वित्तीय चुनौतीहरू पहिचान गर्ने, समूहगत छलफलमार्फत प्राथमिकता निर्धारण गर्ने तथा समाधानका उपायहरू खोज्ने अभ्यास गरेका थिए ।

बाँकी पृष्ठ ४

## प्रतिपक्षलाई पेलेर अघि बढ्ने सरकार टिक्दैन: एमाले उपमहासचिव महासेठ

अपन दैनिक संवाददाता
जनकपुरधाम, साउन ०३ गते



नेकपा एमालेका उपमहासचिव रघुवीर महासेठले प्रतिपक्षलाई पेलेर अघि बढ्ने सरकार धेरै समय नटिक्ने दाबी गरेका छन् । जनकपुरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले सरकारलाई प्रतिपक्षलाई बेवास्ता नगरी सहकार्य गरेर अगाडि बढ्न सुझाव दिएका हुन्।

वर्तमान सरकार गठन भएको चार महिना पुग्न लाग्दा पनि प्रभावकारी काम हुन नसकेको संकेत गर्दै महासेठले सबै दललाई मिलाएर लैजानुपर्नेमा जोड दिए।

'लोकतान्त्रिक सरकार भनेको प्रतिपक्षसँग सहकार्य गर्दै अघि बढ्ने सरकार हो। यदि सरकारले प्रतिपक्षलाई बेवास्ता गरेर वा दबाएर अघि बढ्ने सोच राख्छ भने त्यो दीर्घकालीन रूपमा सफल हुन सक्दैन,' उपमहासचिव महासेठले भने।

उनले थपे, 'देश कुनै पार्टीको निजी सम्पत्ति होइन, सार्वभौमसत्ता जनतामा निहित छ। त्यसैले सरकारले सबै दलसँग सहकार्य गर्दै जनहितलाई प्राथमिकतामा राख्नुपर्छ।'

उपमहासचिव महासेठले सरकारले शिक्षा, स्वास्थ्य र घरजग्गा कारोबारमा लगाएको नयाँ करको चर्को आलोचना गरेका छन् । साउन १ गतेदेखि लागू हुने गरी जग्गा खरिद-बिक्रीमा दुवै पक्षले कर तिर्नुपर्ने व्यवस्था र शिक्षा तथा स्वास्थ्यमा थपिएको करको भारले सर्वसाधारण मारमा परेको उनको दाबी छ।

जनताको आधारभूत आवश्यकतामा आर्थिक बोझ थप्नु न्यायोचित नभएको भन्दै उनले यस्ता निर्णयमा तत्काल पुनर्विचार गरी जनताको हितलाई केन्द्रमा राख्न सरकारसँग माग गरे।

मधेश प्रदेशमा रास्वपाले पाएको जनमतबारे टिप्पणी गर्दै महासेठले मधेसी जनताले विश्वास गरेर पठाएकाले रास्वपाले पनि मधेशको भावनाअनुकूल काम गर्नुपर्ने बताए।

बाँकी पृष्ठ २

## आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी बढाउने मधेशको योजना

अपन दैनिक संवाददाता
सिरहा, साउन ०३ गते




कुल गार्हस्थ्य उत्पादन (जिडिपी) मा मधेश प्रदेशको करिब १३ प्रतिशत योगदानलाई वृद्धि गर्न प्रदेश सरकारले आर्थिक गतिविधि विस्तार, उत्पादन वृद्धि तथा निजी क्षेत्रको लगानी प्रोत्साहनलाई प्राथमिकतामा उच्च प्राथमिकतामा राखेर तदनुरुप कार्यारम्भ गरेको छ।

प्राकृतिक स्रोत, उर्वर कृषि भूमि, प्रशस्त श्रमशक्ति तथा सीमापार व्यापारको पर्याप्त सम्भावना हुँदाहुँदै पनि प्रदेशको आर्थिक क्षमता पूर्ण रूपमा उपयोग हुन नसकेको निष्कर्षसहित सरकारले उत्पादनशील क्षेत्रको विस्तार, औद्योगिकीकरण र लगानी प्रवर्द्धनका कार्यक्रम अघि बढाएको हो।

मधेश प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरेले प्रदेशको जिडिपी बढाउन उत्पादनशील क्षेत्रको विस्तारसँगै पर्यटन प्रवर्द्धनमा विशेष जोड दिइएको बताए।

"प्रदेशमा उद्योग, व्यापार र सेवा क्षेत्रमा लगानी बढाउन हामीले प्राथमिकता दिएका छौं," उनले भने, "गत आर्थिक वर्ष २०८२/८३ मा लगानी सम्मेलनका लागि बजेट विनियोजन भए पनि विभिन्न कारणले आयोजना गर्न सकिएन। उद्योग-व्यवसायमा पर्याप्त लगानी भित्र्याउन नसकेसम्म प्रदेशको जिडिपी उल्लेखनीय रूपमा बढाउन सकिँदैन। त्यसैले चालु आर्थिक वर्ष २०८३/८४ मा लगानी सम्मेलन आयोजना गर्ने योजना बनाएका छौं।"

उनका अनुसार प्रदेशका पर्यटकीय

बाँकी पृष्ठ ३

## तापक्रम वृद्धिसँगै आँखा अस्पतालमा बिरामी बढे

अपन दैनिक संवाददाता
सिरहा, साउन ०३ गते

तापक्रम वृद्धिभएसँगै यहाँस्थित जानकी आँखा अस्पतालमा बिरामीको सङ्ख्या बढेको छ।

हाल दैनिक ४०० देखि ५०० जना बिरामी आउने गरेका छन्। यसअघि दैनिक सरदर ३०० जना सेवाग्राही आउने गरेका थिए।

अस्पतालका निर्देशक डा. आशीष बोहराका अनुसार उपचारका निम्ति आउनेमा बालबालिका र वृद्धवृद्धा बढी छन् । सिरहा, महोत्तरी र सिन्धुलीलगायत जिल्लाका बिरामी अस्पताल आउने गरेका छन्। भारतको विहार राज्यबाट पनि बिरामी आउने गरेका छन्।






०४ साउन ०८३ सोमबार
www.apandainik.com
अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।


# सप्तरी कारागारमा चौकीदारमाथि कुटपिट: छानबिन समिति गठन

**अपन दैनिक संवाददाता**
**राजविराज, साउन ०३ गते**

कारागार कार्यालय सप्तरीमा चौकीदारमाथि भएको कुटपिट घटनाको सत्यतथ्य छानबिन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीले पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ । घटनामा संलग्न कैदीबन्दीलाई कारबाही गरी अन्यत्र सरुवा गर्नुपर्ने माग राख्दै ए-ब्लकका २०१ जना कैदीबन्दी दुई दिनदेखि आमरण अनशनमा बसेका छन् ।

घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको हो । समितिमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल नेपाल र राष्ट्रिय अनुसन्धान विभाग कार्यालय सप्तरीका अधिकृतस्तरका प्रतिनिधि सदस्य रहेका छन् भने जिल्ला प्रशासन कार्यालय सप्तरीका अधिकृत सदस्य-सचिव हुनुहुन्छ ।

कारागार प्रमुख रूपक मण्डलका अनुसार समितिलाई घटनाको वास्तविक अवस्था अध्ययन गरी प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको छ ।






**चौकीदार यादवमाथि सामूहिक कुटपिटको आरोप**

कारागार प्रमुख मण्डलका अनुसार गत असार ३२ गते बी-ब्लकका ३८ वर्षीय चौकीदार रामरिझन यादवमाथि केही कैदीबन्दीले कुटपिट गरेका थिए । कुटपिटबाट यादवको आँखामाथिको भागमा गहिरो चोट लागेको र चार वटा टाँका लगाउनुपरेको छ । उहाँको टाउको तथा शरीरका अन्य भागमा समेत चोट लागेको बताइएको छ । घाइते यादवलाई तत्काल राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार गराई कारागार ल्याइएको थियो । आइतबार बिहान स्वास्थ्यमा पुन: समस्या देखिएपछि अस्पतालमा परीक्षण गराइएको र चिकित्सकले आराम गर्न सुझाव दिएको कारागार प्रशासनले जनाएको छ ।

उपचारका क्रममा यादवले लागूऔषध मुद्दाका केही कैदीबन्दीले आफूलाई सामूहिक रूपमा कुटपिट गरेको आरोप लगाउनुभएको छ । उहाँका अनुसार जाहुर नट मियाँ (मजलुम), अनिशकुमार मण्डल, सुन्दर मुखिया, बुधन भन्ने जोगानन्द मण्डल, मिथिलेशकुमार यादव, कैलास विश्वास र अमरनाथ विश्वासलगायतले कुटपिट गरेका हुन् ।

**सुरक्षा अपरेसन रोक्न आक्रमण भएको दाबी**

कारागार प्रमुख मण्डलले कारागारभित्र विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी भइरहेका बेला उक्त कार्य रोक्ने उद्देश्यले चौकीदारमाथि आक्रमण भएको दाबी गर्नुभयो । उहाँले चौकीदारको नियुक्ति, आर्थिक लेनदेन वा व्यक्तिगत विवादसँग घटनाको सम्बन्ध नरहेको बताउनुभयो । अहिले कारागारको सुरक्षा अवस्था सामान्य र शान्तिपूर्ण रहेको उहाँको भनाइ छ । यही साउन १ गते यादव चौकीदारमा नियुक्त हुनुभएको थियो ।

**कारबाही नभएसम्म अनशन जारी राख्ने चेतावनी**

ए-ब्लकका चौकीदार कामेश्वर यादवले घटनामा संलग्न कैदीबन्दीमाथि कारबाही गरी अन्यत्र सरुवा नगरेसम्म तथा आफूहरूविरुद्ध प्रकाशित र प्रसारित भ्रामक समाचार नसच्याएसम्म आमरण अनशन जारी रहने बताउनुभयो । उहाँका अनुसार ए-ब्लकका २०१ जना कैदीबन्दी शनिबारदेखि अनशनमा बसेका छन् । यसअघि शनिबार नै २३० जना कैदीबन्दीको संयुक्त हस्ताक्षरसहित जिल्ला प्रशासन कार्यालय सप्तरीमार्फत गृह मन्त्रालयमा ज्ञापनपत्र बुझाइएको थियो । ज्ञापनपत्रमा घटनाको सत्यतथ्य समाचार सम्प्रेषण गर्न, भ्रामक समाचार रोक्न तथा आपराधिक गतिविधिमा संलग्न कैदीबन्दीलाई अन्यत्र सरुवा गर्न माग गरिएको छ ।

**दुवै पक्षबाट आरोप-प्रत्यारोप**

प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले कारागारभित्र ए-ब्लक र बी-ब्लकका कैदीबन्दीबिच विवाद देखिएको बताउनुभयो । उहाँका अनुसार दुवै पक्षले एकअर्कामाथि आरोप-प्रत्यारोप गर्दै आएका छन् । घटनाको सत्यतथ्य छानबिन गर्न सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा समिति गठन गरिएको उहाँले जानकारी दिनुभयो ।

"समितिलाई सात दिनभित्र प्रतिवेदन बुझाउने कार्यादेश दिएका छौँ," प्रमुख जिल्ला अधिकारी थापाले भन्नुभयो, "प्रतिवेदनमा औँल्याइएका तथ्यका आधारमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइनेछ ।" उहाँले कारागारको अवस्था सामान्य रहेको भए पनि केही कैदीबन्दीले रिले अनशनजस्तो कार्यक्रम गरिरहेको जानकारी दिनुभयो ।

**क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी**

१ सय २५ जनाको क्षमता रहेको कारागार कार्यालय सप्तरीमा हाल ३ सय ९८ जना कैदीबन्दी रहेका छन् । कारागार प्रशासनका अनुसार ए-ब्लकमा २०१, बी-ब्लकमा १६६ तथा सी-ब्लकमा तीन आश्रित बालबालिकासहित ३१ जना महिला कैदीबन्दी रहेका छन् ।

**सुरक्षा अपरेसनका क्रममा आत्मदाहको प्रयास**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सप्तरीका अनुसार शनिबार (साउन २ गते) कारागारमा विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने क्रममा पाँच जना कैदीबन्दीले कारागारको मुख्य प्रवेशद्वार तथा आफ्नै शरीरमा मट्टितेल खन्याएर आत्मदाहको प्रयास गरेका थिए । आत्मदाहको प्रयास गर्नेहरूमा बुधन मण्डल, अमरनाथ विश्वास, अनिशकुमार मण्डल, मिथिलेश यादव र सुन्दर मुखिया थिए । मानवीय क्षतिको उच्च जोखिम देखिएपछि सुरक्षा निकायले तत्कालका लागि उक्त अपरेसन स्थगित गरेको थियो ।

यसअघि कारागारभित्र बढ्दो असन्तुष्टि, गुटबन्दी तथा शङ्कास्पद वस्तु लुकाइराखिएको हुन सक्ने आशङ्कामा विशेष सुरक्षा अपरेसन सञ्चालन गर्ने तयारी गरिएको थियो । सोही क्रममा असार ३२ गते लागूऔषध मुद्दाका कैदी बुधन मण्डललाई बी-ब्लकबाट ए-ब्लकमा सार्ने क्रममा बी-ब्लकका केही कैदीबन्दीले चौकीदार रामरिझन यादवमाथि कुटपिट गरेको बुझिएको छ । बी-ब्लकका चौकीदार रामरिझन यादव नियुक्त भएपछि व्यवस्थापन तथा कैदीबन्दीप्रति असमान व्यवहार भएको आरोप लगाउँदै कैदीबन्दीबिच असन्तुष्टि र गुटबन्दी बढ्दै गएका कारण उक्त घटना भएको अनुमान गरिएको छ ।

## सम्पादकीय...

### किसानको दूधको मूल्य देउ

सप्तरीको बलान बिहुल गाउँपालिकास्थित एक डेरीले किसानको दूध खरिद गर्न छाडेपछि आक्रोशित किसानले डेरी अगाडि दूध सडकमा पोख्यो । यसले मधेश प्रदेशको ग्रामीण किसानले भोग्दै आएको बजार व्यवस्थापनको कमजोरी, सहकारी व्यवस्थापन नहुँनु र स्थानीय सरकारको वेवास्तालाई उजागर गरेको छ। किसानले दिनरात मेहनत गरेर उत्पादन गरेको दूध बजार नपाउँदा त्यसलाई सडकमा पोख्न बाध्य हुनु दु:खद हो । यसले किसानको आर्थिक क्षति मात्र होइन, खाद्य सुरक्षामाथि पनि गम्भीर प्रश्न उठाउँछ । एकातिर उपभोक्ताले दूधको मूल्य महँगो भएको गुनासो गरिरहेका छन् भने अर्कोतर्फ किसानले उत्पादन गरेको दूध बिक्री गर्न नपाएर फाल्नुपर्ने अवस्था सिर्जना हुनु वितरण प्रणालीको विडम्बना हो । यस्ता समस्या समाधान गर्ने पहिलो जिम्मेवारी स्थानीय तहको हो । संविधानले स्थानीय सरकारलाई कृषि, पशुपालन, सहकारी र स्थानीय बजार व्यवस्थापनको अधिकार दिएको छ । त्यसैले किसान र डेरीबीच विवाद उत्पन्न हुँदा स्थानीय तह दर्शक बनेर बस्न मिल्दैन । समयमै छलफल गराउने, दुवै पक्षबीच सहमति गराउने, भुक्तानी सुनिश्चित गराउने र दूध संकलन तथा बिक्रीको वैकल्पिक व्यवस्था मिलाउने दायित्व स्थानीय सरकारकै हो ।

स्थानीय तहले आफ्नो क्षेत्रमा उत्पादन हुने दूधको नियमित तथ्यांक राख्नुपर्छ । निजी डेरी, सहकारी र दुग्ध विकास संस्थासँग समन्वय गरी दूध संकलन तथा बिक्रीको सुनिश्चित योजना बनाउनु आवश्यक छ । एउटा डेरीले दूध नकिनेमा अर्को संस्थामार्फत व्यवस्थापन गर्ने संयन्त्र तयार गरिनुपर्छ । साथै, दूध चिस्यान केन्द्र, प्रशोधन उद्योग तथा दुग्धजन्य वस्तु उत्पादनलाई प्रोत्साहन गरेमा किसानको उत्पादन खेर जाने अवस्था अन्त्य गर्न सकिन्छ । सहकारी संस्थाहरू पनि किसानप्रति उत्तरदायी हुनुपर्छ । किसानको विश्वास जितेर सञ्चालन भएका संस्थाले पारदर्शी व्यवस्थापन, समयमै भुक्तानी र स्पष्ट कार्ययोजना अपनाउनुपर्छ । व्यवस्थापनमा कमजोरी भए त्यसको असर किसानमाथि पर्नु हुँदैन । स्थानीय तहले कृषि तथा पशुपालनलाई बजेट खर्च गर्ने क्षेत्रका रूपमा होइन, स्थानीय अर्थतन्त्रको आधारका रूपमा हेर्नुपर्छ ।

किसानले उत्पादन गरेको दूध सुरक्षित रूपमा बजारसम्म पुग्ने व्यवस्था गर्न सके मात्र कृषि पेशाप्रति विश्वास बढ्छ । अन्यथा किसान पशुपालनबाट पलायन हुने, ग्रामीण अर्थतन्त्र कमजोर हुने र देश आयातमा झन् निर्भर बन्ने जोखिम बढ्दै जानेछ ।
किसानको पसिनाको मूल्य सडकमा पोखिनु कुनै पनि सभ्य समाजका लागि गर्वको विषय होइन । स्थानीय सरकार, सहकारी र सरोकारवाला निकायले तत्काल समन्वय गरेर किसानको दूध बिक्री हुने स्थायी र भरपर्दो व्यवस्था गर्नुपर्छ । किसानको उत्पादनको सम्मान गर्नु भनेको देशको अर्थतन्त्र र खाद्य सुरक्षाको सम्मान गर्नु हो । अब किसानले दूध पोख्नुपर्ने होइन, आफ्ना उत्पादनको उचित मूल्य पाउनुपर्ने समय आएको छ । स्थानीय तहसंगै प्रदेश र संघले पनि चासो राख्नु पर्छ । मधेश प्रदेश कृषिमा केन्द्रित भएकोले पनि कृषि र पशुपालनको क्षेत्रमा झन वढी जिम्मेवारी निर्वाह गर्दै किसानलाई सुविधा पुर्याउनमा ध्यान केन्द्रित गर्नुपर्छ । जसले प्रदेशको अर्थतन्त्रलाई पनि बलियो बनाउन मद्दत गर्छ ।

## प्रतिपक्षलाई पेलेर अघि बढ्ने सरकार ...........

'मधेश प्रदेशबाट राष्ट्रिय स्वतन्त्र पार्टीले उल्लेखनीय जनसमर्थन पाएको छ । त्यसैले मधेशका जनताको विश्वास र अपेक्षाअनुसार काम गर्नु उहाँहरूको जिम्मेवारी हो,' उनले भने, 'जनताले विश्वास दिन्छन्, तर काम नभए त्यो विश्वास फिर्ता लिन पनि सक्छन् ।'

महासेठले निजी क्षेत्रलाई मुलुकको अर्थतन्त्रको मेरुदण्डको संज्ञा दिँदै समग्र आर्थिक विकास र रोजगारी सिर्जनामा यसको भूमिका अपरिहार्य रहेको उल्लेख गरे । वर्तमान विश्व अर्थतन्त्रमा देखिएका चुनौती, विशेषगरी इरान-इजरायल द्वन्द्व र बढ्दो महँगीको असर नेपालमा पनि परिरहेको भन्दै उनले अर्थतन्त्र सुधारका लागि सरकार गम्भीर हुनुपर्ने बताए ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

## आजको राशिफल

**मेष** : आज रोकिएका अधुरा कामहरू सुल्झाउने अवसर मिल्नेछ । साथीभाइको सहयोगले उत्साह बढ्नेछ ।
**बृष** : मन प्रसन्न रहनेछ र पारिवारिक सुख मिल्नेछ । नयाँ कामको प्रस्ताव आउन सक्छ ।
**मिथुन** : आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ । अनावश्यक खर्च र यात्राले थकान महसुस गराउनेछ ।
**कर्कट** : आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन् । दाजुभाइ वा इष्टमित्रबाट सहयोग मिल्नाले ठुलो काम बन्नेछ ।
**सिंह** : तपाईंको कार्यक्षमताको प्रशंसा हुनेछ । प्रशासनिक वा सरकारी काममा सफलता मिल्नेछ ।
**कन्या** : भाग्यले साथ दिनेछ । रोकिएका धार्मिक वा मांगलिक कार्यहरू सम्पन्न हुनेछन् ।
**तुला** : स्वास्थ्यमा केही समस्या देखिन सक्छ, खानपानमा ध्यान दिनुहोला ।
**वृश्चिक** : दाम्पत्य जीवन सुखमय रहनेछ । व्यापार व्यवसायमा साझेदारहरूबाट राम्रो सहयोग मिल्नेछ ।
**धनु** : प्रतिस्पर्धामा विजयी भइनेछ । शत्रुहरू परास्त हुनेछन् र पुराना ऋणहरू चुक्ता गर्ने अवसर मिल्नेछ ।
**मकर** : सिर्जनात्मक क्षमतामा वृद्धि हुनेछ । सन्तानको प्रगतिले मन हर्षित हुनेछ ।
**कुम्भ** : घरायसी मामिलामा केही विवाद उत्पन्न हुन सक्छ । आमाको स्वास्थ्यलाई लिएर चिन्ता बढ्न सक्छ ।
**मीन** : सञ्चार र प्रविधिको क्षेत्रमा लागेकाहरूका लागि आजको दिन विशेष लाभदायी रहनेछ ।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## सामाजिक सुरक्षा भत्ता निरन्तरताका लागि असोज मसान्तभित्र परिचयपत्र नवीकरण गर्न आग्रह




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०३ गते**

सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरूले आगामी असोज मसान्तभित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने भएको छ ।

महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयले सूचना जारी गर्दै सामाजिक सुरक्षा भत्ता पाउने सबै लाभग्राहीको सूची अद्यावधिक तथा परिचयपत्र नवीकरण गर्न आग्रह गरेको हो ।

मन्त्रालयका अनुसार सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम ९ बमोजिम सबै लाभग्राहीले तोकिएको समयभित्र परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

नवीकरणका लागि सम्बन्धित लाभग्राही स्वयं आफ्नो वडा कार्यालयमा उपस्थित भई राष्ट्रिय परिचय नम्बरका आधारमा जैविक पहिचान (बायोमेट्रिक) प्रक्रियामार्फत सेवा लिनुपर्नेछ । अस्थायी रूपमा अन्यत्र बसोबास गरिरहेका लाभग्राहीले भने आफू बसोबास गरिरहेको स्थानको वडा कार्यालयबाट पनि नवीकरण गराउन सक्ने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

यद्यपि, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ अनुसार १६ वर्ष उमेर नपुगेका बालबालिका, आफैं हेरचाह गर्न नसक्ने अशक्त व्यक्ति तथा ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई लाभग्राहीका रूपमा सूचीकृत हुन राष्ट्रिय परिचय नम्बर अनिवार्य नहुने व्यवस्था यथावत् रहने मन्त्रालयले स्पष्ट पारेको छ ।

मन्त्रालयले नवीकरणको समयसीमा असोज मसान्तसम्म रहेकाले अन्तिम समयमा अनावश्यक भिडभाड हुन नदिन लाभग्राहीलाई समयमै वडा कार्यालयमा पुगेर प्रक्रिया पूरा गर्न आग्रह गरेको छ ।

# सुकुमवासीलाई सम्बन्धित जिल्लामै व्यवस्थापन गर्ने सरकारको योजना

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०३ गते**

सरकारले विस्थापित सुकुमवासीलाई सम्बन्धित जिल्लामै व्यस्थापन गर्ने रणनीति लिएको छ। साविकमा स्थायी ठेगाना भएको ठाउँमा नै सुकुमवासीको व्यवस्थापन गर्ने योजना सरकारको देखिन्छ।

भूमि समस्या समाधान समितिले एक सूचना जारी गर्दै सुकुमवासीलाई उनीहरूको पुरानै ठाउँमा फर्किएर समन्वय गर्न भनेको छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आदेश र अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले संकलन गरेको डिजिटल तथ्यांकअनुसार यो प्रक्रिया अघि बढाइएको हो।



सरकारले निकालेको सूचनामा १४ जनाको नाम नै उल्लेख गरिएको छ, जसलाई आफ्नो जिल्लामा फर्किएर सहजीकरण गर्न भनिएको हो । 'लाभग्राहीहरूको डिजिटल विवरणअनुसार तयार भएका निवेदन फारम र संलग्न कागजातहरू समेतको पीडीएफ फाइल तयार गरी आवश्यक कारबाही अगाडि बढाउन सम्बन्धित जिल्ला समितिमा लेखी पठाइसकेको हुँदा सम्बन्धित जिल्ला समिति र पालिकामा यथाशीघ्र सम्पर्क गर्नुहुन सबैमा सूचित गरिन्छ,' सूचनामा उल्लेख छ।

मदन कामी (ताप्लेजुङ), राजेश माझी (मोरङ), अच्छेलाल पासवान (रौतहट), पनिता थापा मगर (धनकुटा), जीवनकुमार पहरी (सिन्धुली), कुमार घलान लामा (मकवानपुर), निरज थापा (सिन्धुपाल्चोक), रवानी अन्सारी (महोत्तरी), सोमबहादुर नेपाली (काठमाडौं), अप्सरा दमाई (भोजपुर), हाबिल गिरी (सुनसरी), टेकबहादुर लायो (धनुषा), अर्जुन स्याङतान (मकवानपुर) र हितमान तामाङ (सर्लाही) लाई उल्लेखित जिल्लामा जान भूमि समस्या समाधान आयोगले भनेको छ।

यसको लागि सम्बन्धित जिल्लाका निकायमा पनि काम अघि बढाइएको दाबी गरिएको छ। भूमि व्यवस्थापन तथा अभिलेख विभागले जाँच गर्दा यी उल्लेखित व्यक्तिहरूको नाममा नेपालभर कतै पनि घरजग्गा नभएको प्रमाणित भएको छ।

अब लाभग्राहीहरूको डिजिटल फारम र आवश्यक कागजातहरू सम्बन्धित जिल्ला समितिमा पठाइसकिएले नाम उल्लेख भएका व्यक्तिहरूले आफ्नो स्थायी ठेगानाको जिल्ला समिति र स्थानीय तहमा सम्पर्क गर्नु पर्नेछ।

**अन्योलमा सुकुमवासी**

यसरी सुकमवासीका सूची नै आउँदा उनीहरू स्वयंसँग भने कुनै सल्लाह गरिएन। न त औपचारिक जानकारी नै दिइयो। होल्डिङ सेन्टरमा राखिएका उनीहरूले एकाएक साथीहरूले सरसल्लाह गर्दा मात्र थाहा पाए । जो सामाजिक सञ्जालमा सक्रिय थिए, उनीहरूकै सूचनाको भरमा ती सुकुमवासी थिए।

सार्वजनिक सूचनाका आधारमा केहीबेर होल्डिङ सेन्टरमा हल्लाखल्ला भएपछि मकवानपुरका कुमार घलानलाई स्थानीय तहबाट फोन आयो। बागमती गाउँपालिकाले फोन गरेर उनलाई तत्काल स्थानीय तहमा आएर सम्पर्क गर्न भन्यो।

सरकारले जारी गरेको सूचनामा उनलाई मकवानपुरकै बागमती गाउँपालिका-८ मा व्यवस्थापन गरिने भनिएको छ। सोहीअनुसार स्थानीय तहले जग्गा हेर्न र त्यसको कागजी प्रक्रिया पूरा गर्न भन्दै उनलाई फोन आएको थियो।

त्यसपछि भक्तपुरको खरिपाटी होल्डिङ सेन्टर बसिरहेका उनी सम्बन्धित गाउँपालिकातर्फ जाँदै छन्। हामीले सम्पर्क गर्दा उनी गाउँ जाने बाटोमा थिए। उनका अनुसार गाउँपालिकाबाट शुक्रबार अचानक फोन आएपछि नै यो यात्रा तय भएको हो।

'मलाई अस्ति शुक्रबार फोन आएको थियो । नागरिकताको फोटोकपी र बच्चाको जन्मदर्ता लिएर आउनु भनिएपछि म हिँडे । के-के ल्याप्चे हान्नुपर्छ भनेको छ,' उनले भने, 'नत्र त साथीहरूले तेरो नाम आएको छ भनेर सुनाएपछि मात्र यसबारे थाहा पाएको थिएँ। अब त्यहाँ मलाई दिने भनेको जग्गा कस्तो छ हेर्छु अनि सोच्नुपर्छ।'

काठमाडौंको थापाथली सुकुमवासी बस्तीमा झन्डै २१ वर्षदेखि बसिरहेका उनी सानै उमेरमा बुवा-आमासँगै काठमाडौं आएका थिए। सुरुवातमा कोठा लिएर बसेपछि पछि गाह्रो भएपछि अरूसँगै थापाथली खोला किनारमा छाप्रो हाल्न बाध्य भएका थिए।

४६ वर्षीय घलानका श्रीमती र छोराछोरी छन्। उनीहरू काठमाडौंमै पढिरहेका छन्। एक जना स्नातक तहमा पुग्दै गर्दा अर्की विद्यालय तहमा छिन्। गाउँ फर्किने कुराले उनलाई पिरोलेको छ। आफ्नो लागि फरक नपरे पनि सन्तानको पढाइको विषयले चिन्तित छन्।

उनका अनुसार, सरकारले जग्गा त दियो, तर गाउँमा ज्याला-मजदुरीको अवसर कम हुने डर छ । अनि छोराछोरी काठमाडौंमै पढिरहेकाले उनीहरूलाई गाउँमा लान मन मान्दैन। गाउँको कमाइले यता धान्छ या धान्दैन भन्ने तनाव उत्तिकै छ।

'जग्गा पाउने रे भन्दा सुरुमा त खुसी नै लाग्यो । तर बच्चाहरू सबै काठमाडौंमै हुर्किएका छन् । उनीहरूलाई पढाउन यहाँ कोठमा लिनुपर्ने, उता पनि कमाइ हुने आधार

बाँकी पृष्ठ ४ ▶▶

# अन्य प्रदेशले गरेपनि मधेश सरकारले गरेनन सवारी करमा छुट, कुन प्रदेशमा कति ?




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ०३ गते**

नयाँ आर्थिक वर्ष २०८३/८४ सुरु भएसँगै देशका अधिकांश प्रदेश सरकारले सवारीधनीलाई कर तथा जरिवानामा विशेष छुटको व्यवस्था गरेका छन्। तर मधेश प्रदेश सरकारले भने यस वर्ष पनि यस्तो कुनै व्यापक कर छुट योजना ल्याएको छैन।

कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले सवारी कर, नवीकरण, लगत कट्टा तथा जरिवानामा विभिन्न प्रकारका छुट घोषणा गरेका छन् । यी योजनाले लामो समयदेखि कर नतिरेका तथा नवीकरण नगरेका सवारीधनीलाई राहत दिने र सरकारको बक्यौता राजस्वसमेत उठाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यता मधेश प्रदेश सरकारले भने २०८२ भदौमा भएको आन्दोलनका क्रममा क्षति भई सञ्चालन अयोग्य बनेका सवारी साधनका लागि मात्र विशेष व्यवस्था गरेको छ। त्यस्ता सवारीको दर्ता खारेज गर्न आगामी असोज मसान्तभित्र निवेदन दिए आर्थिक वर्ष २०८२/८३ को सवारी कर पूर्ण रूपमा मिनाहा गरिने निर्णय गरिएको छ। यसबाहेक सवारी कर

बाँकी पृष्ठ ४ ▶▶

## लहान कृषि सामग्री कम्पनीमा रासायनिक मलको ............

मल लक्षित किसानसम्म पुग्नुपर्नेमा केही स्थानमा निजी व्यवसायीको हातमा पुग्ने गरेको आरोप छ।

परिणामस्वरूप बजारका पसलमा मल उपलब्ध भए पनि वास्तविक किसानले आवश्यक समयमा सहज रूपमा मल प्राप्त गर्न कठिनाइ भोगिरहेका छन्।

कृषि क्षेत्रका जानकारहरूले मलको मौज्दात मात्र पर्याप्त हुनु पर्याप्त नभई वितरण प्रणालीलाई पारदर्शी, जवाफदेही र किसानमुखी बनाउन आवश्यक रहेको बताएका छन्।

उनीहरूका अनुसार प्रभावकारी अनुगमन र निष्पक्ष वितरण सुनिश्चित गर्न सके मात्रै सरकारी अनुदानको वास्तविक लाभ किसानसम्म पुग्नेछ।

## आर्थिक गतिविधि विस्तारमार्फत जिडिपी .............

क्षेत्रको पहिचान, स्तरोन्नति तथा बढीभन्दा बढी पर्यटक आकर्षित गर्ने कार्यक्रम पनि सञ्चालन गरिनेछ। साथै औद्योगिक पूर्वाधार विकास, कृषि उपजमा आधारित उद्योग स्थापना, साना तथा मझौला उद्यम प्रवर्द्धन, सीमावर्ती व्यापार व्यवस्थापन तथा लगानीकर्तालाई प्रशासनिक सहजीकरण उपलब्ध गराउने कार्यक्रमलाई सरकारले प्राथमिकतामा राखेको छ।

कृषि आधुनिकीकरण, सिँचाइ विस्तार, औद्योगिक ग्राम तथा औद्योगिक क्षेत्र विकास, पर्यटन प्रवर्द्धन, सीमा व्यापार व्यवस्थापन, लगानीमैत्री कानुनी वातावरण निर्माण तथा निजी क्षेत्रसँगको साझेदारीमार्फत आर्थिक गतिविधि विस्तार गर्ने लक्ष्य प्रदेश सरकारले लिएको उनले बताए।

मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा भोगेन्द्र झाले लगानी सम्मेलनजस्ता कार्यक्रमले प्रदेशमा लगानीको वातावरण निर्माण गर्न सकारात्मक भूमिका खेल्ने बताए। उनले लगानी प्रतिबद्धतालाई वास्तविक परियोजनामा रूपान्तरण गर्नु, उद्योग सञ्चालनका कानुनी तथा प्रशासनिक प्रक्रिया सरल बनाउनु तथा निजी क्षेत्रसँग नियमित संवाद आवश्यक रहेको औंल्याए।

राष्ट्रिय जिडिपीमा मधेश प्रदेशको करिब १३ प्रतिशत योगदान रहेको उल्लेख गर्दै उहाँले उत्पादन, उद्योग, व्यापार तथा सेवा क्षेत्रको विस्तारविना प्रदेशको आर्थिक आकार बढ्न नसक्ने बताए।

"प्रदेशको आर्थिक समृद्धिको आधार आर्थिक गतिविधि विस्तार हो," उनले भने, "उद्योग स्थापना, कृषि उत्पादनको व्यावसायिकीकरण, लगानीमैत्री वातावरण निर्माण तथा निजी क्षेत्रको सहभागिता बढाउन सके मधेशको जिडिपी उल्लेखनीय रूपमा वृद्धि गर्न सकिन्छ।"

नेपाल राष्ट्र बैङ्कले गत कात्तिकमा सार्वजनिक गरेको 'मधेश प्रदेशको आर्थिक गतिविधिसम्बन्धी प्रतिवेदन' अनुसार आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु ६१ खर्ब सात अर्ब रहने अनुमान गरिएको छ भने मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु आठ खर्ब चार अर्ब रहने अनुमान छ।

सोही अवधिमा राष्ट्रिय अर्थतन्त्र ३.९९ प्रतिशतले वृद्धि हुने अनुमान गरिएकामा मधेश प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत रहने प्रक्षेपण गरिएको छ। प्रतिवेदनअनुसार मधेश प्रदेशको अर्थतन्त्रमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान सबैभन्दा बढी ३६.७० प्रतिशत रहेको छ भने खानी तथा उत्खनन क्षेत्रको योगदान सबैभन्दा कम ०.१५ प्रतिशत छ।

आर्थिक वर्ष २०८१/८२ मा प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ९३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । कृषि क्षेत्रतर्फ खाद्य तथा अन्य बालीको उत्पादन १४.०१ प्रतिशत तथा तरकारी एवं बागवानी उत्पादन ९.७९ प्रतिशतले वृद्धि भएको प्रतिवेदनमा उल्लेख छ।

दूध, अण्डा र माछा उत्पादनमा पनि क्रमशः ३.१६, ९.६४ र ५.९५ प्रतिशतले वृद्धि भएको छ। यद्यपि फलफूल, मसला तथा मासु उत्पादनमा भने केही गिरावट आएको प्रतिवेदनले देखाएको छ । नेपाल राष्ट्र बैङ्कले सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा आर्थिक वर्ष २०८१/८२ मा भएका आर्थिक गतिविधिका तथ्याङ्का आधारमा उक्त प्रतिवेदन तयार गरेको हो।

प्रतिवेदनमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकाससँग सम्बन्धित प्रमुख क्षेत्रको अवस्था, चुनौती र सम्भावनाको विश्लेषण गरिएको छ । सरकारी कार्यालय, सम्बन्धित परियोजना तथा उद्योग-प्रतिष्ठानबाट प्राप्त तथ्याङ्का साथै सरोकारवालासँगको अन्तरक्रिया र सर्वेक्षणबाट प्राप्त निष्कर्षका आधारमा प्रदेशको समग्र आर्थिक अवस्था र आगामी आर्थिक वर्षको परिदृश्यसमेत प्रस्तुत गरिएको छ।






## अन्य प्रदेशले गरेपनि मधेश सरकारले ............

वा नवीकरण जरिवानामा कुनै विशेष छुटको व्यवस्था गरिएको छैन।

अन्य प्रदेशहरूले भने फरक-फरक प्रकृतिका सहुलियत घोषणा गरेका छन्। लुम्बिनी प्रदेशले आगामी पुस मसान्तसम्म कर बुझाएर नवीकरण गर्न आउने सवारीधनीलाई जरिवानामा ५० प्रतिशत छुट दिएको छ भने सुदूरपश्चिम प्रदेशले पाँच वर्ष वा सोभन्दा बढी समयदेखि कर नतिरेका सवारीका लागि कर तथा नवीकरण जरिवाना पूर्ण रूपमा मिनाहा गर्ने व्यवस्था गरेको छ।

कोशी प्रदेशले पाँच वर्षभन्दा बढी कर बाँकी रहेका सवारीधनीले पछिल्लो एक आर्थिक वर्षको कर मात्र बुझाए बाँकी कर तथा जरिवाना मिनाहा गर्ने नीति लिएको छ। बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशले पनि पुराना वा सञ्चालनमा नरहेका सवारीको लगत कट्टालाई सहज बनाउन कर तथा जरिवानामा विभिन्न प्रकारका छुटको व्यवस्था गरेका छन्।

त्यस्तै, कोशी प्रदेशले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई सहुलियत दरमा सेवा दिने सार्वजनिक सवारीलाई सवारी करमा ६० प्रतिशत छुट दिने व्यवस्था गरेको छ भने कर्णाली प्रदेशले पाँच वर्षको सवारी कर एकमुष्ट अग्रिम भुक्तानी गर्ने सवारीधनीलाई २० प्रतिशत कर छुट दिने आकर्षक योजना सार्वजनिक गरेको छ।

देशका अधिकांश प्रदेशले सवारीधनीलाई राहत दिने नीति अघि सारेका बेला मधेश प्रदेश सरकारले भने सीमित अवस्थाबाहेक कुनै व्यापक कर छुट नल्याएकाले सवारीधनीहरू निराश बनेका छन्।

# होटलमा मृत्युको घटनाले उघारेको यौन धन्दाको पर्दा

**अपन दैनिक संवाददाता**
**धनुषा, साउन ०३ गते**

गत असार २६ गते धनुषाको ढल्केवरस्थित माँ भवानी होटल एण्ड गेष्ट हाउसमा राति ९ बजेको समयमा एक महिला अचेत भइन्। प्रहरीका अनुसार ती महिलालाई उपचारका लागि जानकी मेडिकल कलेज लगिएकोमा चिकित्सकले मृत घोषणा गरे। मृत्यु भएकी महिला धादिङकी ५१ बर्षीया चेलीमाया तामाङ रहेको इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक लक्ष्मण केसीले जानकारी दिए।

उनीसँगै कोठा लिएर बसेका सिन्धुपाल्चोकका ५० बर्षीय एबनारायण श्रेष्ठ प्रहरी नियन्त्रणमा




रहेको उनले बताए। श्रीमान-श्रीमती भनेर होटलमा कोठा बुक गरेका उनीहरु पति-पत्नी नरहेको प्रहरीले पुष्टि गरेका छन्। महिलासँगै कोठामा बसेका एबनारायणलाई ज्यानसम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक केसीले बताए। माँ भवानी होटल एण्ड गेष्ट हाउसका सञ्चालक मुकुन्द अधिकारीले पनि ती पुरुष र महिला श्रीमान-श्रीमती भनेर कोठा लिएको बताउँछन्।

'पुरुषको सवारी लाइसेन्सको नम्बर टिपेर रुम दिएका थियौं। महिलाको डकुमेन्ट मागेनौं। हाम्रो गल्ती त्यति हो,' सञ्चालक अधिकारी भन्छन्, 'सिन्दुर पोते लगाएका हुन्छन्। विवाह दर्ता नै माग्दै हिड्नु भएन। श्रीमान-श्रीमती नै होला भनेर विश्वास गर्‍यौं। घटनापछि त ती दुवै जना श्रीमान-श्रीमती होइन रहेछ भन्ने थाहा पाएँ।'

गत चैत्र १८ गते ढल्केवरस्थित जुन तारा स्टाप लाइन होटलमा एक युवती मृत भेटिइन्। मुखबाट फिँज निस्किएको अवस्थामा मृत फेला परेकी ती युवती पोखरा महानगरपालिका-१३, मियापाटीकी २३ वर्षीया जेनिसा विक थिइन्। जेनिसा ढल्केवरमा डेरा गरी बस्दै आएकी थिइन्। जेनिशालाई होटल सञ्चालक रामपुकार साहले फोन गरेर बोलाएपछि होटल पुगेको उनकी आमाले बताइन्।

'हामी आमा-छोरी तीन वर्षदेखि ढल्केवरमा बस्दै आएका छौं। ग्राहक आएपछि छोरीलाई फोन आउँथ्यो। रामपुकार र अरु होटलवालाहरुले पनि फोन गर्थ्यो। आज पनि छोरीलाई रामपुकारले फोन गरेर बोलाएको थियो। घटनापछि होटलबाट रामपुकारसँगै तीन जना भागेको छ,' घटनाकै दिन जेनिशाकी आमाले भनेकी थिइन्। अहिले त्यो होटल नियमित रुपमै सञ्चालनमा छ।

चार महिनाको अन्तरालमा धनुषाको ढल्केवरस्थित दुई फरक होटलमा दुई महिलाको रहस्यमय मृत्यु घटनाले ढल्केवरमा होटल व्यवसायको आडमा भइरहेको अवैध क्रियाकलापलाई नग्याई दिएको छ। ढल्केवरका अधिकांश होटलमा अवैध यौन धन्दा भइरहेको व्यापक जनगुनासो भए पनि त्यसलाई नियन्त्रण गर्न होटल व्यवसायी, स्थानीय जनप्रतिनिधि, प्रहरी प्रशासन गम्भिर नबन्दा यहाँ यौन व्यवसायले बिकराल रुप लिएको स्थानीहरु बताउँछन्।

दुवै घटनाको अनुसन्धान प्रहरीले गरिरहेको भए पनि यस्ता घटना दोहोरिनुले होटल सञ्चालनको मापदण्ड, प्रहरी अनुगमन, स्थानीय सरकारको नियमन तथा होटल व्यवसायको आडमा हुने अवैध गतिविधिमाथि गम्भीर प्रश्न उठाएको छ। ढल्केवर मधेश प्रदेशको राजधानी जनकपुरधाम र पूर्व-पश्चिम राजमार्ग जोडिने महत्वपूर्ण व्यापारिक केन्द्र हो। दैनिक हजारौं यात्रु आउने-जाने यस क्षेत्रमा दर्जनौं होटल तथा गेष्ट हाउस सञ्चालनमा छन्। तर ती होटलहरूले अतिथिको पहिचान, अभिलेख व्यवस्थापन र कानुनी प्रक्रिया कत्तिको पालना गरिरहेका छन् भन्ने विषयमा प्रभावकारी अनुगमन भएको देखिँदैन।

ढल्केवरकै केही होटलमा युवतीहरु राखेर विभिन्न होटलहरुमा माग अनुसार युवती सप्लाई गर्ने गरेको विश्वसनीय स्रोतको दावी छ। ती स्रोतले भने 'सबै प्रहरी प्रशासनको सेटिङमा चलेको छ। उनीहरुलाई प्रहरीकै घुमुवाले सबै खबर दिन्छन्। कसले प्रहरीलाई खबर गर्‍यो भन्ने कुरा होटलवालालाई थाहा भईहाल्छ। सेटिङ छैन भने त्यो कसरी सम्भव भयो।'

यद्यपि प्रहरीको सेटिङको विषयलाई इलाका प्रहरी कार्यालय ढल्केवरका प्रहरी निरीक्षक केसी अस्वीकार गर्छन्। 'यो विषयमा स्थानीयको गुनासो छ। तर हामी नियमित रुपमै निगरानी राखेका छौं। चेकजाँच गर्दा बाहिर भने जस्तो पाइएको छैन,' प्रहरी निरीक्षक केसीले भने। ढल्केवर क्षेत्रमा सञ्चालित डान्सबारले पनि समाजमा विकृति फैलाएको भन्दै स्थानीयहरु आन्दोलनको तयारीमा जुटेका छन्। गत वर्षपनि अश्लीलता फैलाएको भन्दै स्थानीयहरुले दुई वटा डान्सबारमा तोडफोड गरेका थिए।

'डान्सबारका युवतीहरु मिर्मिरे बिहानीको समयमा भित्री बस्त्रमै बाहिर डुल्छन्। अस्वभाविक हाउभाउ देखाउँछन्। हाम्रो छोरीचेली त्यहीँ बाटो भएर रुएर विद्यालय जाने गरेको छ,' नाम उल्लेख नगर्ने शर्तमा मिथिला नगरपालिका-५ श्रीपुरका एक स्थानीयले आक्रोश पोख्दै भने, 'जनप्रतिनिधिहरु पनि निर्लज्ज भइसक्का छन्।' यस्ता गतिविधिविरुद्ध निरिह भएर बस्न सक्ने अवस्था नरहेकाले अब आन्दोलन चर्काउने तयारीमा जुटेको ती स्थानीयले बताए।

राष्ट्रिय स्वतन्त्र पार्टीका र्‍यापिड एक्सन टिम मिथिला नगरपालिकाका संयोजक सुनिलकुमार महतो ढल्केवरमा अवैध यौन क्रियाकलापले सीमा नाघेको बताउँछन्। उनले ढल्केवरमा भइरहेको अवैध क्रियाकलापलाई कटाक्ष गर्दै ढल्केवरको नाम परिवर्तन गरेर मिर्जापुर राख्नुपर्ने टिप्पणी गर्छन्। केही दिन अघि सामाजिक सञ्जाल फेसबुकमै सुनिलले लेखेका थिए, 'ढल्केवरको नाम परिवर्तन गरी मिर्जापुर राखी दिए हुन्छ। दिनदहाडै गैरकानुनी गतिविधिहरु भइरहेको देखिन्छ।'

मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका अध्यक्ष मुन्नाकुमार सिंहले अबैध क्रियाकलाप नर्गन व्यवसायीहरुलाई सचेत गराइरहेको बताउँछन्। अबैध क्रियाकलापमा संलग्न व्यवसायीहरुलाई संघले कुनै किसिमको संरक्षण नगर्ने उल्लेख गर्दै अध्यक्ष सिंहले सचेत गराउँदा गराउँदै पनि त्यस्ता अबैध क्रियाकलाप गर्ने व्यवसायीलाई कारबाहीको प्रक्रियामा संघले सहयोग गर्ने बताए।

'समग्र होटल व्यवसाय र व्यवसायीको प्रतिष्ठामा आँच आउने गरी अबैध क्रियाकलाप गर्ने र गराउने व्यवसायीलाई पहिचान गरेर कानूनी दायरामा ल्याउने हाम्रो पनि दायित्व हो। त्यसमा हामी दृढ भएर लागेका छौं,' अध्यक्ष सिंहले भने, 'केही गलत तत्वकै कारण समग्र होटल व्यवसायीलाई एकै नजरले हेर्नु हुँदैन।'




## सुकुमवासीलाई सम्बन्धित जिल्लामै व्यवस्थापन गर्ने .................

नहुने हुँदा तनाव हुन्छ,' घलानले भने, 'एउटा घर अट्ने जग्गाले पनि त गाउँमा केही हुँदैन। खेती-किसानीको भर पर्नुपर्ने गाउँमा मैले अब के कसो गर्ने हो सोच्नै सकेको छैन। यस्तो विवशता आउला भन्ने सोचेकै थिइनँ।'

काठमाडौंको सुकुमवासी बस्ती गैरीगाउँमा बस्दै आएका (हाल खरिपाटी होल्डिङ सेन्टर) का सोमबहादुर नेपाली पनि उस्तै अन्योलतामा छन्। हुन त उनलाई सरकारले काठमाडौंकै वडा नम्बर ३१ मा जग्गा दिने भनेको छ। तर स्पष्ट जानकारी अहिलेसम्म पाएका छैनन्।

आफू बसाईं सरेर स्थायी ठेगाना नै काठमाडौं रहेकाले सरकारले त्यहाँ जग्गा दिने भनेको हुन सक्ने अनुमान उनको छ। उनले सिन्धुलीको मरिण गाउँपालिकाबाट काठमाडौं बसाइँ-सराइ गराएका थिए।

तर, यससम्बन्धी निर्णय सार्वजनिक गर्दै गर्दा पूर्वसूचना वा छलफल नभएको गुनासो उनको छ।

'मेरो विचारमा राम्रो ठाउँमा दिओस्, धेरै टाढा पनि नहोस्,' उनले भने, 'काठमाडौं एरिया नजिकै होस् भन्ने लाग्छ, किनभने हामी सधैंभरि यही काठमाडौं बसिरहेको, जन्मैदेखि काठमाडौं बसेको छ।'

यद्यपि, सरकारको आधिकारिक सूचना नआएको भन्दै नेपालीले थप भने, 'सरकारको तर्फबाट मलाई फोन त गरेको छैन, आएको छैन अहिले सम्म। कतिलाई कल आएको छ, गाउँ फर्कनुपर्छ भन्दै थियो रे। मेरो चाहिँ कल आएको छैन।'

यस्तो निर्णय लिँदा सल्लाह गरेको भए, सोधेको भए, संवाद गरेको भए हुन्थ्यो भन्ने नेपालीलाई लाग्छ। 'उसै त मन आत्तिएको छ। झन् यो केके सुन्दा अनि आधिकारिक निकायले सम्पर्क नगर्दा अलमल हुन्छ,' उनले थपे।

त्यस्तै, खरिपाटी होल्डिङ सेन्टरमा बस्दै आएकी पनिता थापा मगर सरकारले तयार पारेको सूचीमा आफ्नो नाम परेको जानकारी साथीहरूबाट मात्र पाएको बताउँछिन्।

'सरकारले सल्लाह लिने, सोध्ने केही भएको छैन। डाइरेक्ट नाम मात्रै सुनें। अब कता के दिन्छ थाहा छैन,' नेपालीले भनिन्, 'तर, हामीले त फारम पनि भरेका थिएनौं। सरकारले दिने भनेको २५ हजार पनि लिएका थिएनौं।'

नेपालीले २५ हजार लिन नमान्नुको कारण सरकारले त्यसपछि बेवास्ता गरेर टारिदेला भन्ने भय थियो। त्यसमाथि जग्गा कता दिने हो भन्ने पनि निश्चित नहुँदा उनले फारमसमेत नभरी बसेकी थिइन्।

थापाथली सुकुमवासी बस्तीमा झन्डै २० वर्षदेखि बसिरहेकी नेपाली १७/१८ वर्षको उमेरमा एक पटक मात्र आफ्नो जिल्ला धनकुटा पुगेकी थिइन्। त्यही धनकुटामा सरकारले फर्की भनेको छ। जग्गा व्यवस्थापनको आश्वासन दिँदै नामको सूची निकालेको छ। तर त्यहाँ जग्गाबाहेक केही नहुँदा अन्य तरिकाले गरिखान गाह्रो पर्ने डर उनमा देखिन्छ।

'बुबा-आमाले काठमाडौं आएर बसेका, आमा बित्नुभयो, बुबाले अर्को बिहे गर्नुभयो। हामी आफ्नै सुरले कतै केही उपाय नभएपछि सुकुमवासीमा बसेका हौं,' उनले भनिन्।

गाउँ फर्किने कुराबारे बोल्दै उनले थपिन्, 'बच्चाहरू सबै यतै पढिरहेका छन्। काम पनि यतै छ। जबरजस्ती मात्र गरेर त हुँदैन, कम्तीमा सोधेको भए हुन्थ्यो। हामी त काम गरेर खाने मान्छे हौं। दैनिकी ज्यालामा अडिएको हुन्छ। गाउँ गएर के गर्ने?'

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
**अपन दैनिक पत्रिका**

## मधेश प्रदेशमा युवा वित्तीय जवाफदेहितासम्बन्धी ...............

कार्यक्रममा वित्तीय संघीयता, बजेट चक्र, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सूचनाको हक सम्बन्धी व्यावहारिक अभ्याससमेत गराइएको थियो।

कार्यक्रमको समापनमा सहभागीहरूले प्रदेशका प्राथमिकताका विषयलाई एक महिना, छ महिना र बाह्र महिनाको कार्ययोजनामा रूपान्तरण गर्दै त्यसअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

प्रोजेक्ट अभय सन् २०२४ मा स्थापना भएको संस्था हो। यसले नेपालमा लोकतान्त्रिक सुशासन, वित्तीय जवाफदेहिता, लोकतान्त्रिक उत्तरदायी नीति तथा नागरिक सहभागितालाई सुदृढ बनाउन नेतृत्व विकास, सार्वजनिक शिक्षा, अनुसन्धान र अभियानमार्फत सातै प्रदेशका युवासँग सहकार्य गर्दै आएको जनाएको छ।

